नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(जनशक्ति योजना तथा विकास शाखा)

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- २०७७/०७८/PCMD

चलानी नं.:- ३०५

मितिः २०७७/१०/१८

**विषयः सेवाकालीन तालिम सम्बन्धी सूचना ।**

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको पत्र संख्याः- PSTD/CIST, च.नं ४६५/०७७-७८, मिति २०७७/१०/१५ को प्राप्त पत्रानुसार रा.प. तृतीय श्रेणीका निजामती कर्मचारीहरूलाई सेवाकालीन तालिमका लागि मनोनयन गरी पठाउन अनुरोध भई आएको छ । रा.प. तृतीय श्रेणीका लागि सञ्चालन हुने Professional Course on Management and Development (PCMD) (३० कार्य दिन) तालिम कार्यक्रममा **हालसम्म सेवाकालीन तालिममा नलिएका तथा तालिममा सहभागी हुन इच्छुक यस मन्त्रालय, अन्तर्गतका निकाय र स्थानीय तहमा कार्यरत निजामती** कर्मचारीहरूले तपसिल बमोजिमको विवरण र सूचनामा संलग्न प्रशिक्षार्थी मनोनयन फाराम भरी यस मन्त्रालयको जनशक्ति योजना तथा विकास शाखा वा शाखाको इमेल ठेगाना **hrd.moga@gmail.com** मा मिति २०७७/१०/२५ गते भित्र आईपुग्ने गरी पठाउनु हुन अनुरोध छ ।

तपसिलः

| नाम, थर | संकेत नं. | पद | सेवा/समूह/ उपसमूह | हालको पदमा नियुक्ति मिति | हाल कार्यरत निकाय/कार्यालय | मोवाइल नं. | ईमेल ठेगाना |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

तालिम कार्यक्रमः

| क्र. सं. | कार्यक्रम | मिति | मन्त्रालयलाई प्राप्त सिट सङ्ख्या | तालिमको नाम |
|---|---|---|---|---|
| १. | पहिलो कार्यक्रम | २०७७ फागुन ३ गतेदेखि ३० कार्यदिन | ६ जना | Professional Course on Management and Development (PCMD) (३०कार्य दिन) |

बोधार्थः श्री सूचना तथा प्रविधि शाखा, सं.मा.त.सा.प्र.मः वेबसाइटमा अपलोड गरिदिनुहुन ।

२०७७।१०।१८

(राजन थापा)

शाखा अधिकृत

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*


प.सं. PSTD/CIST

च.न. ४६५/०७७-०७८

मिति : २०७७/१०/१५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं।

विषयः सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको Professional Course on Management and Development (PCMD) विषयक प्रशिक्षण कार्यक्रम आ.व. २०७७/७८ को वार्षिक कार्यतालिका अनुरूप २०७७ फाल्गुन ३ गतेदेखि ३० कार्यदिन संचालन हुने व्यहोरा जानकारी गराउँदछु। अधिकृतहरुको मूलभूत सक्षमता (core competencies) मा आधारित यस तालिम कार्यक्रम COVID-19 को विशेष परिस्थितिका कारण अनलाइन मोडालिटीमा समेत संचालन हुनेगरी तय गरिएको व्यहोरा समेत अवगत गराउन चाहन्छु। उक्त तालिम कार्यक्रमको अनलाइन सेसनमा सहभागी हुनेगरी तहाँबाट ६ जना तृतीय श्रेणी वा सो सरहका अधिकृतको मनोनयन सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट गराई मनोनित कर्मचारीहरुको नामावली मनोनयन फारम सहित मिति २०७७/१०/२६ गतेसम्म प्रतिष्ठानमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। प्राप्त नामावलीमध्येबाट प्रतिष्ठानले निम्नानुसार मनोनयन स्वीकृत गरिने व्यहोरा अनुरोध छ।

मनोनयनका आधारहरु र सम्बन्धीत व्यवस्थाः

१. मनोनित कर्मचारीको हालको तह/श्रेणीमा २०७७ पौष मसान्तसम्म न्युनतम ३ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
३. एउटा समूह (तालिम कार्यक्रम) मा अधिकतम ३० जना अधिकृतहरु समावेश गरिनेछ।
४. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ।
५. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन।
६. मनोनयन फारम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ। सम्वन्धित उम्मेद्वारले प्रतिष्ठानको वेबसाइटमा राखिएको Updates मेनु भित्र Downloadable Forms मा गएर Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फारम डाउनलोड गर्न सक्नेछन्।
७. वैकल्पिक उम्मेद्वारहरुको व्यवस्था रहेको छैन। तसर्थ, तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन्।
८. मनोनयन स्वीकृतिको अधिकार प्रतिष्ठानमा रहनेछ। मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेवसाइट www.nasc.org.np मा राखिनेछ।
९. मनोनित कर्मचारीहरुको नामावली मनोनयन फारम सहित प्रतिष्ठानको इमेल pcmd@nasc.org.np मा समेत पठाउन सकिनेछ।

अनुप भुर्तेल

प्रशिक्षण तथा अनुसन्धान अधिकृत

मोवाईल नं. ९८६०७०६१०१


जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्सः ५५२४९०६

Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906

: Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,

E-mail: info@nasc.org.np, URL: www.nasc.org.np